मध्यपश्चिम विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल


पत्र संख्या : २०८१/०८२
चलानी नं. :

मिति : २०८२/०२/११

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धमा सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरका मौका परीक्षाको परीक्षा फाराम खुलाइएको छ। सम्वन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फाराम भरी बुझाउनुहोला। परीक्षा फाराम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फाराम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर | कैफियत |
|---|---|---|---|---|
| म्यानेजमेन्ट | स्नातकोत्तर | MBA(Spring) | तेस्रो | |

पुनश्चः

१) उल्लेखित तह र सेमेस्टरको सत्रान्त परीक्षामा एकपटकमात्र सहभागी परीक्षार्थीहरुले परीक्षा फाराम भर्न सक्नेछन्। तर, मध्यपश्चिम विश्वविद्यालय, विद्यार्थी रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ को परिच्छेद ६, बुँदा नं. ३६ बमोजिमका विद्यार्थीहरुले मौका परीक्षा फारम भर्न सक्नेछैनन्।

२) तोकिएको सेमेस्टरमा कम्तिमा दुई विषय उत्तीर्ण भएका विद्यार्थीहरुले मात्र बाँकी रहेका विषयहरुका लागि मौका परीक्षा दिन पाउनेछन्।

३) परीक्षा फाराम मिति २०८२ जेठ ११ गतेदेखि २०८२ जेठ २५ गतेसम्म नियमित शुल्क र २०८२ जेठ २६ गतेदेखि २०८२ जेठ २७ गतेसम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ।

४) सम्बन्धित क्याम्पस/विभाग/स्कुलले मिति २०८२ जेठ २९ गते साँझ ५:०० बजेसम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ।

५) परीक्षा फाराम पठाउदा online exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस/विभाग/स्कुल प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- (अक्षरुपी चारसय मात्र) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिनेछ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन।

२०८२-०२-११

परीक्षा व्यवस्थापन प्रमुख

परीक्षा व्यवस्थापन प्रमुख